**नेपाल-भारत उद्योग वाणिज्य संघ कार्यसमिति सदस्य टोली र नेपालका लागी नव-नियुक्त भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्यूवीच सम्पन्न शिष्टाचार भेटधाट तथा संघको कार्यसमितिका पदाधिकारी तथा मनोनित सदस्यहरु चयन गरिएको सम्वन्धमा नेपाल-भारत उद्योग वाणिज्य संघको**

## प्रेस विज्ञप्ति

आज मिति २०७९ साल असार ३१ गते (१५ जूलाई २०२२) शुक्रवार यस नेपाल-भारत उद्योग वाणिज्य संघका अध्यक्ष श्रीमती सृजना राणाज्यूको नेतृत्वमा गएको कार्यसमिति सदस्य टोलीले नेपालका लागी नव-नियुक्त भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्यूसंग भारतीय राजदूतावास, लैनचौरमा औपचारिक शिष्टाचार भेट गऱ्यो ।

भेटघाटको क्रममा संघले गरेका कार्यहरु लगायत आगामी दिनहरुमा गर्ने कार्यहरु तथा नेपाल-भारत ब्यापार तथा लगानीका क्षेत्रमा रहेका बिभिन्न पक्षहरुको वारेमा छलफल भयो ।

भेटघाटका अवसरमा संघका अध्यक्ष श्रीमती सृजना राणाले नव-नियुक्त भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्यूलाई नेपालमा स्वागत गर्दै नेपाल-भारत द्विपक्षीय ब्यापार तथा लगानीको क्षेत्रमा नेपाल-भारत उद्योग वाणिज्य संघले बिगत ३० बर्ष देखि योगदान दिंदै आएको बताउनुभयो ।

अध्यक्ष राणाले नेपाल-भारत उद्योग वाणिज्य संघको हालै सम्पन्न २७औं बार्षिक साधारणसभाबाट नयाँ कार्यसमित चयन भएको जानकारी र कार्यसमिति सदस्यहरुको परिचय सहित संघले गरेका कार्यहरु र दुई देश बीचका ब्यापार, पारवहन, लगानी, जलस्रोत, पर्यटन, बैंकिंग लगायतका एजेण्डाहरु सम्वन्धमा छलफल गर्दै संघले आगामी दिनहरुमा गर्ने तय गरिएका साझेदारी सम्मेलन ( पार्टनरशीप समिट),इनर्जी समिट लगायतको कार्यक्रमहरु र संघको उक्त प्रयासमा भारतीय राजदूतज्यू लगायत भारतीय राजदूतावासको सकृय सहयोगको लागी पनि अनुरोध गर्नु भयो । साथै अध्यक्ष राणाले यस संघ नेपाल-भारत ब्यापार, लगानी एवं बिकासको क्षेत्रमा सकृय नै रहने धारणा राख्दै नेपालमा भारतीय लगानी र भारतीय सहयोग अत्यन्त महत्वूर्ण रहेको उल्लेख गर्नुभयो । उहांले बिगतमा संघको प्रयासमा भारतीय दूतावासबाट उल्लेखनीय सहयोग गरेको बताउनु भयो । बिशेष गरी पर्यटन प्रबर्द्धनमा भारतीय दूतावासको सहयोगको स्मरण गर्दै दोश्रो नेपाल-भारत पर्यटन संयुक्त कार्यदलको बैठक सन् २०१८ जुलाई ६ मा काठमाडौंमा सम्पन्न भएको तथा प्रत्येक दुई दुई बर्षमा नेपाल र भारतले आलोपालो गरी नेपाल-भारत पर्यटन संयुक्त कार्यदलको बैठक आयोजना गर्ने प्रावधान भएको जानकारी गराउंदै अव तेश्रो पर्यटन संयुक्त कार्यदलको आयोजना गर्ने पालो भारतीय पक्षको भएको र सो को लागी भारतीय राजदूतावासले पहल गरी सहयोग गर्नको लागी अध्यक्ष सृजना राणाले अनुरोध गर्नुभयो ।

अध्यक्ष राणाले उक्त भेटको अवसरमा संघमा बिभिन्न बिषयगत समितिहरु रहेको तथा उक्त समितिहरुबाट नेपाल-भारतको ब्यबसायिक क्षेत्रमा रहेका समस्याहरु लगायत उपायहरुको वारेमा पनि सुझावहरु दिने गरेको जानकारी गराउंदै आगामी दिनमा सो सम्बन्धमा नव नियुक्त भारतीय राजदूतज्यूलाई जानकारी गराउने उद्देश्य सहित संघका अन्य सदस्यहरु सहितको सहभागिता रहने गरी कार्यक्रम गर्ने जानकारी गराउनुभयो ।

नेपाल-भारत उद्योग वाणिज्य संघको टोलीसंगको शिष्टाचार भेटघाटका क्रममा महामहिम भारतीय राजदत श्री नवीन श्रीवास्तवज्यूले भारत नेपालको बिकासमा साथ दिन अत्यन्त सकारात्मक रहेको जानकारी गराउनुभयो । नेपालमा भारतीय दूतावासले नेपालको आर्थिक सामाजिक बिकासमा सहयोग गर्न आफ्नो भूमिका निभाउने बताउंदै महामहिम भारतीय राजदूतज्यूले नेपाल-भारत उद्योग वाणिज्य संघले गरेका कार्यहरुको प्रशंसा गर्दै नेपाल-भारत दुई पक्षीय ब्यापार तथा लगानी प्रबर्द्धनको

# नेपाल-भारत उद्योग बाणिज्य संघ
## NEPAL-INDIA CHAMBER OF COMMERCE & NDUSTRY

द.नं.: ९०/०५१/५२
जि.प्र.का. काठमाडौं
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं ।

क्षेत्रमा संघले गर्ने कार्यहरुमा दूतावास सहकार्य गरी अघि बढ्न तत्पर रहेको कुरा जानकारी दिनुभयो ।

शिष्टाचार भेटघाटमा भारतीय राजदूतावासको तर्फवाट महामहिम राजदूत श्री नवीन श्रीवास्तभज्यू तथा प्रथम सचिव श्री अभिषेक उपाध्यायको सहभागिता रहेको थियो भने संघका तर्फबाट अध्यक्ष श्रीमती राणाको नेतृत्वमा उपाध्यक्ष श्री सुनिल केसी, महासचिव श्री रमेश शर्मा, कोषाध्यक्ष श्री कुणाल केयाल, कार्यसमिति सदस्य सदस्यहरु श्री अच्युत प्रसाद खरेल, श्री अरुण केसी, श्री बटु लामिछाने, श्री रबिकुमार रायभरम, श्रीमती सुषमा शर्मा,स्थायी आमन्त्रित सदस्य श्री सैवाल घोष, महा-निर्देशक श्री केशवमान सिंह र उप निर्देशक श्री मार्शल राठौरको उपस्थिति रहेको थियो ।

संघको आजै बसेको कार्यसमितिको बैठकले २७सौं साधारण सभावाट निर्वाचित सदस्यहरु मध्यवाट निम्न वमोजिम पदाधिकारी चयन गर्दै कार्य विभाजन, बिधान बमोजिम थप कार्यसमिति सदस्यहरुको मनोनयन तथा विषयगत समितिहरु गठन गरी संयोजकहरुमा चयन गर्ने सिलसिलामा तपसील बमोजिम कार्यसमितिलाई पूर्णता दिने निर्णय गरियो ।

| | |
|---|---|
| श्रीमती सृजना राणा | अध्यक्ष |
| श्री सुनिल केसी | उपाध्यक्ष |
| श्री हरकिरत सिंह बेदी | उपाध्यक्ष |
| श्री रमेश शर्मा | महासचिव |
| श्री कुणाल केयाल | कोषाध्यक्ष |
| श्री अबिनाश बोहारा, | कार्यसमिति सदस्य |
| श्री अच्युत प्रसाद खरेल, | कार्यसमिति सदस्य |
| श्री अरुण केसी, | कार्यसमिति सदस्य |
| श्री बटु लामिछाने, | कार्यसमिति सदस्य |
| श्री हेमराज ढकाल, | कार्यसमिति सदस्य |
| श्री करण चौधरी | कार्यसमिति सदस्य |
| श्री महेश बहादुर बस्नेत | कार्यसमिति सदस्य |
| श्री रबिकुमार रायभरम, | कार्यसमिति सदस्य |
| श्री राजन शर्मा, | कार्यसमिति सदस्य |
| श्रीमती सुषमा शर्मा, | कार्यसमिति सदस्य |
| श्री सैवाल घोष | स्थायी आमन्त्रित सदस्य |
| श्री महेश जाजु | स्थायी आमन्त्रित सदस्य |

केशब मान सिंह
महा निर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मिति: २०७९ असार ३१ गते शुक्रवार ।

GPO Box No. 13245, Ace Apartments, Ground Floor, Narayanchaur, Naxal, Kathmandu, Nepal.
Phone # 977-1-4444607 Fax # 977-1-4444608 Email: nicci@mos.com.np; secretariat@nicci.org URL: www.nicci.org